अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पांखरबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८१।०९।२५ गते (ने.स.११४५ पोहेलाथ्व दशमी) बिहिबारका दिन बिहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को १४ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| नविन पौडेल | लेखा अधिकृत | |
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

कार्यपालिका बैठक मिति : २०८१।०९।२५ गते

समय : दिनको ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०९।२२ गते

**मिति २०८१।०९।२५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:-**

प्रस्ताव नं १ : पूर्व निर्णयहरुको समीक्षा,

प्रस्ताव नं २: **ICT For Friday** को कार्यक्रमको विद्यालय छनौट गर्ने सम्बन्धमा,

प्रस्ताव नं ३: न्यानो कपडा वितरण कार्यक्रम' सम्बन्धमा

प्रस्ताव नं ४: स्थानीय तह संस्थागत क्षमता स्वमुख्याङ्कन **(LISA)**को अङ्क अनुमोदन गर्ने सम्बन्धमा

प्रस्ताव नं ५ : स्थानीय तह वित्तिय सुशासन जोखिमहरुको सूचक प्रमाणित गर्ने सम्बन्धमा,

प्रस्ताव नं ६ : उज्यालो गण्डकी प्रदेशको लागि गाउँ/टोल/वस्तिको विवरण सम्बन्धमा,

प्रस्ताव नं ७ : विभुषण सिफारिस गर्ने सम्बन्धमा

प्रस्ताव नं ८ : वडा नं ५ को विपत् व्यवस्थापनको रकम भुक्तानी सम्बन्धमा,

प्रस्ताव नं ९ : कर्मचारी तहवृद्धि गर्ने सम्बन्धमा ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष

निर्णय नं १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समिक्षा गर्दा तपसिलको अनुसार गर्ने ।

क) यस गाउँपालिका वडा नं ४ नारच्याङमा निर्माणाधिन निलिगिरि हाइड्रोपावरले गाउँपालिका कार्यालयसंग प्रभावित क्षेत्रको शेयर निस्काशन सम्बन्धमा समन्वय नगरिकन शेयर प्रतिशत निस्काशन गर्न लागेको बुझिएकाले तत्काल शेयर निश्कासन प्रकृया रोक्का गर्न विद्युत नियमन आयोग, नेपालधितोपत्र बोर्ड लगायत सम्बन्धित निकायहरुमा पत्राचार गर्ने ।

ख) यस गाउँपालिका भित्र सञ्चालनमा रहेको हाईड्रोपावरहरुसंग समन्वय बैठक आयोजना सञ्चालकहरुकोसंग छलफलको सहजिकरणको लागि जिल्ला प्रशासन कार्यालय म्याग्दीलाई पत्राचार गर्ने ।

निर्णय नं २:

प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व. २०८१/८२ मा गाउँपालिका तर्फ विनियोजन गरी स्वीकृत गरेको रु ६,५०,०००/- को ICT For Friday कार्यक्रमको लागि अन्नपूर्ण गाउँपालिकाको वडा नं ७ मा रहेको श्री आदर्श मा.वि. रिम र श्री टिकोट मा.वि. हिस्तानलाई तपशिल बमोजिमको सामान हस्तान्तरण गर्ने ।

| आदर्श मा.वि. रिमा | टिकोट मा.वि. हिस्तान |
|---|---|
| - Smart TV 43"-५ वटा<br>- Smart TV 32"-1 वटा<br>- Laptop- ३ वटा<br>- Destkop Computer Set-1 वटा | - Smart TV- 43"- २ वटा |

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. २०८१/८२ मा महिला विकास शाखाबाट कार्यान्वयन गर्ने गरी स्वीकृत भएको रु ५ लाख बजेटको 'विपन्न जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि न्यानो कपडा वितरण कार्यक्रम' कार्यान्वयनको लागि गाउँपालिकाले खरिद गरेको २०० सेट न्यानो कपडा (ब्लाङ्केट-१, तन्ना-१ र सिरानी-१) तपसिल बमोजिमको सङ्ख्यामा वडाहरुलाई पठाइ वितरण गर्ने ।

तपसिल

| वडा नं १ दोवा | वडा नं २ भुरुङ तातापानी | वडा नं ३ दाना | वडा नं ४ नारच्याङ | वडा नं ५ शिख | वडा नं ६ घार | वडा नं ७ हिस्तान | वडा नं ८ राम्चे |
|---|---|---|---|---|---|---|---|
| २० सेट | १५ सेट | २३ सेट | २४ सेट | ३६ सेट | ३२ सेट | २५ सेट | २५ सेट |

निर्णय नं ४:

प्रस्ताव नं ४ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८०।८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को कार्यविधि अनुसार मुल्याङ्कन गर्दा ८०.७५% प्राप्त भएको र पृष्ठ पोषणको निम्ति जिल्ला समन्वय समितिमा पेश गर्ने ।

निर्णय नं ५:

प्रस्ताव नं ५ उपर छलफल गर्दा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि अनुसार पुष्टी गर्नुपर्ने मूल्याङ्कनका सूचकका तपसिलका विवरणहरु प्रमाणित गर्ने ।

क) वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमहरु नेपाल सरकारको स्वीकृति लिएर मात्र सञ्चालन गर्नुपर्ने प्रावधान रहेकोमा हालसम्म वैदेशिक सहायता लिने कार्य नभएको ।

ख) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेशबाट प्राप्त मार्गदर्शनको पालना भएको।

ग) स्थानीय तहले कुनै पनि ऋण नलिएको ।

घ) उपभोक्ता समितिले जिम्मा लिएको कार्यहरू उपभोक्ता समितले ठेकेदारलाई ठेक्कामा दिने नगरेको।

ङ) उपभोक्ता समितिबाट हुने कार्यमा स्थानीय उपभोक्ताहरूले परियोजना लागतको सभाबाट तोकिए बमोजिमको न्यूनतम लागत सहभागिता जुटाउने गरेको ।

च) निर्वाचित पदाधिकारीलाई प्रदेश कानुन बमोजिम मात्र सुविधा दिइएको ।

छ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका सुझाव कार्यान्वयन भएको।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको प.स. २०८१।८२, चलानी नं ४८९, मिति २०८१/०९/२२ गतेको उज्यालो गण्डकी प्रदेश अभियान सम्बन्धी पत्रको व्यहोरा जानकारी प्राप्त भयो । यस गाउँपालिकाको तपसिलको घरधुरी/वस्ती/टोल/स्थानहरु तत्काल विद्युत सेवा उपलब्ध गराउन विवरण पेश गर्ने ।

तपसिल :

| क्र.स. | वडा नं | ठाउँ/स्थान | घरधुरी सङ्ख्या | विद्युतीकरणको लागि उपयुक्त विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | दोवा | २ | घरेलु सौर्य उर्जा | |
| २ | २ | मुन्द्रा चढाउने डाँडा | १ | घरेलु सौर्य उर्जा | |
| ३ | ४ | अन्नपूर्ण आधार शिविर जाने बाटो | | घरेलु सौर्य उर्जा | पर्यटकीय स्थल |
| ४ | ४ | नारच्याङ, कालडाँडा | ३ | राष्ट्रिय प्रसारण लाईन | |
| ५ | ५ | खोप्रा | | राष्ट्रिय प्रसारण लाईन | पर्यटकीय स्थल |
| ६ | ६ | उल्लेरी | २ | घरेलु सौर्य उर्जा | |
| ७ | ६ | खिम्जा | २ | घरेलु सौर्य उर्जा | |
| ८ | ७ | फुलबारी | ५ | राष्ट्रिय प्रसारण लाईन | |

**निर्णय ७ :**

प्रस्ताव नं ७ उपर छलफल गर्दा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ( आन्तरिक व्यवस्थापन शाखा) को प.स. २०८१।८२, चलानी नं ८८६, मिति २०८१।०९।२२ को पत्रको साथ प्राप्त गृहमन्त्रालयको चलानी नं ५६, मिति २०८१।०९।१८ को विभुषण सिफारिस सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको वडा नं ८ स्थायी घर भएका राष्ट्रिय आविष्कार केन्द्रको संस्थापक डा. महाविर पुन, र वडा नं ३ स्थायी घर भएका विश्व विख्यात प्रवतारोही निर्मल पुर्जालाई सिफारिस गर्ने ।

**निर्णय नं ८**

प्रस्ताव नं ८ उपर छलफल गर्दा ५ नं वडा कार्यालयको मिति २०८१।०९।२५ गते पत्रानुसार बर्यायाममा परेको अविरल बर्षाले अवरुद्ध भएको ५ नं वडा अन्तर्गत घारखोला नेपाने मोटरबाटो अवरुद्ध भएर तत्काले बाटो सञ्चालन गर्नुपर्ने भई मिति २०८१।०४।२१ गतेको वडा समितिको बैठकले तत्कालै घार-खोला नेपाने पाउद्वार मोटरबाटो मर्मत गर्दा लागेको खर्च रु ३७,७२६.७५/- (अक्षेरुपी सैतिस हजार सात सय छब्बिस रुपैया पच्चिस पैसा) मर्मत गर्ने कम्पनी रुप्से विल्डर्स प्रा.ली.लाई वडा नं ५ को विपद् व्यवस्थापन कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं ९ :**

प्रस्ताव नं ९ उपर छलफल गर्दा गाउँपालिका कार्यालयको मिति २०८१।०९।०५ गतेको कर्मचारी तहवृद्धि सम्बन्धी सूचना ( सूचना नं १/२०८१/०८२) अनुसार स्थानीय सेवा (गठन

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाखरबगार, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ४८ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिएको मापदण्ड एवं न्युनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आ.व.को कार्यसम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका तपसिलका कर्मचारीलाई २०८१ माघ १ गते देखी लागु हुने तहवृद्धि वृद्धि गर्ने ।

तपसिल :

| सि.न. | कर्मचारीको नाम | पद | क. संकेत नं | पदस्थापन भएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रेम पराजुली | सहायक लेखा अधिकृत / छैठौं | २३६२६१ | गाउँपालिकाको कार्यालय | |
| २ | तुल बहादुर रन्तिजा | सि.अ.हे.व.(छैठौं) | १८००१५ | शिख स्वास्थ्य चौकी | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष